# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाडौं

मितिः २०७३।०५।०६ गते

## प्रेस विज्ञप्ति

### विषयः आरोपपत्र दायर गरिएको ।

---

जिल्ला स्वास्थ्य कार्यालय, बर्दियामा भेक्टर कन्ट्रोल सहायक (सातौं तह) पदमा कार्यरत बालकृष्ण शर्माले राष्ट्र सेवक औलो सहायक पदमा दरखास्त दिने र २०५२/१२/०८ मा नियुक्ति पाउने उद्देश्यले (उमेर वर्ष ४५ नाघिसकेको व्यक्तिले) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि तथा महेन्द्र नमुना माध्यमिक विद्यालय, नेपालगंज, बाँकेबाट प्रबेशिका परिक्षा उत्तिर्ण गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरु समेतमा वास्तविक जन्म मिति २००५/०९/२७ को सट्टा जन्म मिति २०१७/०९/२९ उल्लेख गरीएको झुठ्ठा विवरण भएका नागरिकता प्रमाण-पत्र तथा शैक्षिक योग्यताको प्रमाणपत्रहरु पेश गरी २०५२/१२/०८ मा औलो सहायक पदमा स्थाई नियुक्ति लिई वढुवा समेत भई हालसम्म कार्यरत रहेको खुल्न आई निज राष्ट्र सेवक बालकृष्ण शर्माले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसुर गरेको देखिन आएको हुंदा निज भेक्टर कन्ट्रोल सहायक (सातौं तह) बालकृष्ण शर्मालाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ तथा दफा २९ (२) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ ।

(गणेशराज कार्की)
सहसचिव एवं प्रवक्ता